# बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय

बुटवल, रुपन्देही

## लुम्बिनी बस टर्मिनल सपिङ्ग कम्प्लेक्स, अमरपथ सपिङ्ग कम्प्लेक्स र हाटबजार सपिङ्ग कम्प्लेक्सका सटरहरु भाडामा दिने आय ठेक्का सम्बन्धी

## बोलपत्र आव्हानको सूचना

**सूचना प्रकाशित मिति २०८०/०८/०९**

बुटवल उपमहानगरपालिकाको स्वामित्वमा रहेको बुटवल वडा नं. ९ स्थित लुम्बिनी बस टर्मिनल सपिङ्ग कम्प्लेक्सको पहिलो तला र दोस्रो तला अमर पथ र हाटबजार सपिङ्ग कम्प्लेक्समा रहेका देहाय बमोजिमका सटर कोठाहरु हाल जे-जस्तो अवस्थामा छन सोही अवस्थामा ५ वर्ष अवधिका लागि बहाल बन्दोवस्त गर्न आवश्यक भएकोले यो सूचना प्रकाशित गरिएको छ । उक्त भवनका सटर कोठाहरु बहालमा लिन इच्छुक नेपाल सरकारवाट ईजाजत प्राप्त ब्यक्ति/फर्म/कम्पनी/वित्तिय संस्था/सहकारीहरुले तोकिएका शर्त, नियम तथा प्रावधानहरुको परिधि भित्र रही रित पूर्वकको सिलवन्दी बोलपत्र पेश गर्न सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन अर्थात २०८०।०९।०८ गते कार्यालय समयभित्र ईच्छुक व्यक्ति/फर्म/कम्पनी/वित्तिय संस्था/सहकारीहरुले क्रमशः नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, फर्म दर्ता/नवीकरणको प्रतिलिपि र आ.व.०८९/०८० को कर चुक्ताको प्रतिलिपि सहित निवेदन र तपसिल बमोजिमको रकम (फिर्ता नहुने) बुझाई बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको राजश्व शाखाबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराललाई सिलबन्दी गरी बाहिर खाममा आय ठेक्का न ०७/०८०/०८१ र सटर नं. उल्लेख गरी २०८०।०९।११ गते दिनको १२.०० बजेभित्र बुटवल उप महानगरपालिकामा शिलबन्दी बोलपत्र फारम दाखिला गर्न सकिनेछ । साथै दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको २.०० बजे बु.उ.म.न.पा. कार्यालयमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. बोलपत्र खरिद गर्ने अन्तिम दिन, दाखिला गर्ने तथा खोल्ने अन्तिम दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको दिन खरिद गर्ने र सोको भोली पल्ट दाखिला गर्ने तथा खोल्ने कार्य हुनेछ ।

४. बहाल सम्झौता अवधी ५ वर्षको हुनेछ र प्रत्येक वर्ष ५ प्रतिशतका दरले बहाल बृद्धि हुदै जानेछ । सम्झौता अवधी समाप्त भए पछि पुनः प्रतिस्पर्धात्मक प्रकृयाबाट बहाल बन्दोबस्त गरिने छ ।

५. बोलपत्रदाताले बोलपत्रका साथ तपशिलमा उल्लेखित धरौटी रकम बुटवल उपमहानगरपालिकाको (कार्यालय कोड नं. ८०१०५४८०१) नाममा रा.वा. बैंक खस्यौली शाखामा रहेको धरौटी खाता नं. ३१२०१००३०३००००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर, नगद वा सो रकम बराबरको बोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तीमा ९० दिन सम्म म्याद भएको बुटवल उपमहानगरपालिकाको नाममा जारी गरिएको बैंक जमानी पत्र (बिड बण्ड) पेश गर्नु पर्नेछ ।

६. तोकिएको प्रक्रिया पुरा गरेका सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ ।

७. बोलपत्र स्वीकृत भए पछि कबोल गरेको बहालको ५ बर्षको बहाल रकमको ५ प्रतिशतले हुने धरौटी रकम बुटवल उपमहानगरपालिकाको नाममा रा.वा. बैंक खस्यौली शाखामा रहेको धरौटी खाता नं. ३१२०१००३०३००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर, पहिलो महिनाको मासिक बहाल रकम र बहाल अवधिको अन्तिम ६ महिनाको बहाल बराबरको रकम सम्झौता गर्दाका बखत जम्मा गर्नु पर्ने छ । उक्त ६ महिना बराबरको अग्रिम रकम बहाल सम्झौताको अन्तिम वर्षको मासिक वहालमा कट्टा गरिनेछ ।

८. बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले ७ दिन भित्र धरौटी र ६ महिना बराबरको एकमुष्ट रकम वा बैंक भौचर सहित बहाल सम्झौता गर्न नआएमा बोलपत्र साथ रहेको धरौटी जफत गरी नियमानुसारको प्रक्रिया अगाडी बढाईनेछ ।

९. मासिक बहाल रकम भुक्तानी गर्दा प्रत्येक महिना अग्रिम रुपमा बुझाउनु पर्नेछ । बहाल रकम तोकिएको समयमा नबुझाएमा बार्षिक १० प्रतिशतका दरले दैनिक रुपमा हिसाव गरी बिलम्ब शुल्क लाग्नेछ ।

१०. मासिक बहाल रकम बुझाउन एक महिना भन्दा बढी ढिला गरेमा सटर कोठा खाली गराउन पत्राचार गरिनेछ । त्यसरी पत्राचार भएको मितिले ७ दिन भित्र सटर/कोठा खाली नगरेमा कार्यालयले जुनसुकै बेला सटर कोठा बन्द (शिल) गर्न सक्नेछ । त्यसरी सिल गरेको सात दिन भित्र सटर/कोठा भित्र रहेका सामानहरुको मुचुल्का गरी तत्कालै जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम वढावढ गरी असुल गर्न पर्ने रकम अपुग भएमा सरकारी बाकी सरह असुल उपर गर्ने र असुल गर्नु पर्ने भन्दा बढी भए बढी भएको रकम फिर्ता गरिनेछ ।

मित्रमणी सनाल
नि. प्रमुख प्रशासकीय अधिकृत

११. बहाल रकम बार्षिक रुपमा श्रावण महिना भित्र १ वर्षको एकमुष्ट रुपमा बुझाउनेलाई बुझाउने बहाल रकमको १० प्रतिशत छुट दिईनेछ ।

१२. आफुले लिएको सटर कोठामा प्रचलित कानुन बमोजिम निषेधित बस्तु तथा सेवा बिकी बितरण वा गतिविधि गर्न पाईने छैन ।

१३. पानी र बिद्युत महशुल खपतको आधारमा मासिक रुपमा सब मिटरमा उठेको अंकको कार्यालयले तोकेको प्रति यूनिटका दरमा बहालमा लिनेले बुटवल उपमहानगरपालिकामा बुझाउनु पर्नेछ ।

१४. हाल बुटवल उपमहानगरपालिकालाई बुझाउनु पर्ने सटर बहाल नबुझाई बक्यौता राख्ने व्यक्ति/फर्म वा कम्पनीले बोलपत्र दाखिला गर्न पाइने छैन । त्यसरी दाखिला भएको बोलपत्र मूल्यांकनमा समावेश गरिने छैन ।

१५. बोलपत्र आव्हान गरिएका बहाल प्रयोजनका सटर/कोठाहरुमा धारापानी तथा पानी निकासको व्यवस्था नभएको हुंदा बहालमा लिनेले होटल, रेष्टुरेन्ट तथा चिया पसल प्रकृतीका कुनैपनी व्यवसाय गर्न पाईने छैन तथा कोठा पार्टेशन गरी तेस्रो पक्षलाई बहालमा दिन पाईने छैन । सम्झौता विपरित यस्तो कार्य गरेको पाईएमा बहाल सम्झौता रद्ध गरिनेछ ।

१६. अन्य शर्त र प्रावधानहरुको विस्तृत विवरण बोलपत्र फाराममा उल्लेख गरिएको छ । थप जानकारीका लागि बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको राजश्व प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

१७. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार बुटवल उपमहानगरपालिकामा सुरक्षित रहनेछ ।

१८. अन्य कुराहरु स्थानीय सरकार सञ्चालन ऐन, बुटवल उपमहानगरपालिकाको आय ठेक्का नियमावली २०७६ र प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

## लुम्बिनी बस टर्मिनल सपिङ्ग कम्प्लेक्सका सटरहरुको विवरण

| आय ठेक्का नं. | सटर नं. | सटरको विवरण | न्यूनतम वहाल अंक (मासिक ) | वोलपत्र फाराम दस्तुर ( फिर्ता नहुने) | बोलपत्र साथ जम्मा गर्नु पर्ने धरौटी रकम |
|---|---|---|---|---|---|
| ०७/२०८०/०८१ | २५ | पहिलो तला | ९६९०.०० | १००० | ३२१२६.०० |
| | २६ | पहिलो तला | ७४५८.०० | १००० | २४७२६.०० |
| | २७ | पहिलो तला | ७३३१.०० | १००० | २४३०५.०० |
| | २८ र ३३ | पहिलो तला | ७३९५.०० | १००० | २४५१७.०० |
| | २९ र ३२ | पहिलो तला | ६५०२.०० | १००० | २१५५७.०० |
| | ३० र ३१ | पहिलो तला | ८१६०.०० | १००० | २७०५४.०० |
| | ३४ | पहिलो तला | १५९३७.०० | १००० | ५२८३७.०० |
| | ३५ | पहिलो तला | ७९०५.०० | १००० | २६२०८.०० |
| | ३६ | पहिलो तला | ७३३१.०० | १००० | २४३०५.०० |
| | ३९ | दोश्रो तला | ७४५८.०० | १००० | २४७२६.०० |
| | ४० | दोश्रो तला | ५७३७.०० | १००० | १९०२०.०० |
| | ४१ | दोश्रो तला | ५६१०.०० | १००० | १८५९९.०० |
| | ४२ र ४७ | दोश्रो तला | ५४८२.०० | १००० | १८१७५.०० |
| | ४३ र ४६ | दोश्रो तला | ४९७२.०० | १००० | १६४८४.०० |
| | ४४ र ४५ | दोश्रो तला | ६२४७.०० | १००० | २०७११.०० |
| | ४८ | दोश्रो तला | १२१७६.०० | १००० | ४०३६८.०० |
| | ४९ | दोश्रो तला | ६०५६.०० | १००० | २००७८.०० |
| | ५० | दोश्रो तला | ५६७३.०० | १००० | १८८०८.०० |

## अमरपथ सपिङ्ग कम्प्लेक्स र हाटबजार सपिङ्ग कम्प्लेक्सका सटरहरु

| आय ठेक्का नं. | सटर नं. | सटरको विवरण | न्यूनतम वहाल अंक रु. (मासिक) | बोलपत्र फारम दस्तुर | बोलपत्र साथ जम्मा गर्नु पर्ने धरौटी रकम रु. |
|---|---|---|---|---|---|
| ०७/२०८०/०८१ | ४११ | अमरपथ सपिङ्ग कम्प्लेक्स | १८,०००। | १००० | ५९६७७ |
| | १०४ | हाटबजार सपिङ्ग कम्प्लेक्स | १०,०००। | १००० | ३३१५४ |

मित्रमणी खनाल
नि. प्रमुख प्रशासकीय अधिकृत